**प्रतिनिधि सभाका सभामुख,**

**राष्ट्रिय सभाका अध्यक्ष,**

**संघीय संसदका सदस्यहरू।**

१. संघीय संसदको दुवै सदनको यस संयुक्त बैठकलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु।

२. मुलुकमा स्थिर सरकार निर्माण गर्न उत्साहका साथ झण्डै वर्षभरि निर्वाचन प्रक्रियामा संलग्न हुनुहुने सम्पूर्ण देशवासी दिदीबहिनी तथा दाजुभाइहरूलाई धन्यवाद ज्ञापन गर्दछु। लोकतन्त्र प्राप्तिको सङ्घर्षमा जीवन उत्सर्ग गर्नुहुने सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरूको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु।

३. यो सरकार नेपाली जनताको त्याग, बलिदान र लामो सङ्घर्षको उपलब्धि हो। यो सरकार जनताको सेवा, सुरक्षा, समृद्धि र सुखका लागि जनताले बनाएको सरकार हो। राष्ट्रलाई यस युगान्तकारी मोडमा ल्याइपुऱ्याउने क्रममा

जनताले गर्नुपरेको त्याग, बलिदान र व्यहोर्नुपरेको दुःखकष्टको पूर्ण सम्मान गर्दै लोकतन्त्रको रक्षा, सुदृढीकरण र सही प्रयोगमा यो सरकार अडिग रहनेछ।

४. जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्टाचारमुक्त सभ्य र सुसंस्कृत एवं कर्तव्यप्रति दृढ समाज यस सरकारका आदर्श हुनेछन्। यो सरकार लोकतन्त्रको आधारभूत मूल्यमान्यता, बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली, आवधिक निर्वाचन, शक्ति पृथकीकरणको सिद्धान्त, सन्तुलन र नियन्त्रण, स्वतन्त्र न्यायालय, मानव अधिकार र मौलिक हकप्रति प्रतिबद्ध छ।

५. हामी नेपालको सार्वभौमसत्ता र राष्ट्रिय हितप्रति सजग छौं। कहिल्यै कसैको दासता नस्वीकारेको हाम्रो इतिहासप्रति गर्व गर्छौं। हाम्रो राष्ट्रिय स्वाभिमानको पछाडि मजबुत इतिहास र सशक्त आधारहरू छन्। साँच्चैको स्वाधीन र स्वतन्त्र राष्ट्रको रूपमा हामी राष्ट्रिय-अन्तर्राष्ट्रिय नीति, निर्णय र भूमिकामा स्वतन्त्र छौं। हामी हाम्रा दुई छिमेकी मित्रहरूसँगको असल छिमेक सम्बन्धमा विश्वास गर्छौं।

६. हामी विश्व शान्ति र निशस्त्रीकरणको पक्षमा छौं। समस्याहरू संवादको माध्यमबाट शान्तिपूर्ण रूपमा समाधान गर्नुपर्छ भन्ने मान्यता राख्दछौं। हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध सङ्कीर्ण दलीय स्वार्थ वा मौकापरस्त अर्घेला तर्कहरूमा होइन, मानवजातिले विश्व सम्बन्धका बारेमा लामा अनुभवहरूबाट प्रतिपादन गरेका न्यायोचित, वैज्ञानिक र तर्कपूर्ण प्रस्तावनाहरूको उचाइमा आधारित छ। हाम्रो बाह्य सम्बन्ध संयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशीलका सिद्धान्त, अन्तर्राष्ट्रिय वा विषयगत बहुपक्षीय वा द्विपक्षीय सम्झौता र अनुबन्धमा आधारित सन्तुलित र जिम्मेवार हुनेछ।

७. नेपाल भौगोलिक विविधताले भरिएको देश हो। भूगोल मात्र होइन, हाम्रो प्रकृति पनि विविधतायुक्त छ। समाजको उत्पत्ति र बनौट, सभ्यता र संस्कृतिको विकाससमेत विविधतापूर्ण छ। यो विविधता कुनै थिचोमिचो र आक्रमणको परिणाम होइन, सभ्यता, भाषा र संस्कृतिको विकास एवं राष्ट्र निर्माणको प्रक्रियामा हाम्रो भूगोल, इतिहास र विकासक्रमले दिएको यथार्थ हो। यी हाम्रा सामाजिक सम्पत्ति हुन्। यस

सुन्दर सम्पन्नतालाई हामीले वैमनस्यता, द्वेष र द्वन्द्वको विषय बन्न र बनाउन दिनुहुँदैन। द्वेष र द्वन्द्वको विषय बनाउन खोज्ने प्रयासलाई सचेत ढङ्गले असफल पार्नुपर्छ।

८. यस सरकारले नेपालको जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसात् गरी सामाजिक एवं सांस्कृतिक समानता र सहिष्णुतामा आधारित सद्भावको बाटोबाट राष्ट्रिय एकता मजबुत बनाउने नीति लिएको छ। राष्ट्रिय एकतालाई कमजोर पार्ने, कुनै पनि नाम वा बहानामा अखण्डतालाई अपमान गर्ने र देशभक्तिलाई होच्याउने कुराहरू सरकारले कुनै पनि हालतमा स्वीकार गर्दैन।

९. लोकतन्त्र न्याय र समानताको प्रणाली हो। सार्वभौमसत्तासम्पन्न जनताको अधिकार, अवसर, सुरक्षा र सम्मान घटीबढी हुन सक्दैन। यस सरकारले सामाजिक न्याय र समानताको दृढ पक्षपोषण गर्दछ। सबै प्रकारका भेदभाव र अन्यायको अन्त्य, न्यायको प्राप्ति र सबैका लागि समृद्धि यस सरकारको नीति हुनेछ। अवसरमा पछि परेको समुदायलाई अगाडि ल्याउन सरकार दृढ छ।

१०. हामीले शान्ति र स्थायित्वको आधार बनाएका छौं। एउटै चुनावी घोषणापत्र, एउटै उद्देश्य, एउटै नीतिका साथ व्यापक जनसमर्थनमा बहुमतको सरकार बनेको छ, यो महत्त्वपूर्ण कुरा हो। लोकतन्त्र मासिएला, अधिनायकवाद आउला र जन्मसिद्ध श्रेष्ठताको सिद्धान्तको आधारमा व्यवहार गरिने सामन्ती प्रतिगमन होला भन्ने आधारहीन आशंका र अपेक्षाहरूको अब कुनै अर्थ छैन।

११. सार्वभौमसत्तासम्पन्न जनताले स्वतन्त्र ढङ्गले छानेका प्रतिनिधिमार्फत् शासन सञ्चालन गर्ने सर्वस्वीकार्य र सर्वोत्तम विधि स्थापित र अवलम्बन भइरहेको यो बेला शान्ति खल्बल्याउने र हिंसा फैलाउने चाहना र प्रयासहरू यदाकदा देखापर्नु दुर्भाग्यपूर्ण छ। विभिन्न नाममा सामाजिक सद्भाव खल्बल्याउने र राष्ट्रिय अखण्डतामाथि समेत प्रश्नचिन्ह उब्जाउने प्रकृतिका अभिव्यक्ति र व्यवहार अस्वीकार्य मात्र होइन, दण्डनीय छन्। यस्ता अभिव्यक्ति र व्यवहारलाई नियन्त्रण गरी राष्ट्रिय एकता, अखण्डता र शान्ति सुव्यवस्था

कायम गर्ने कार्यलाई सरकारले सर्वोपरि महत्त्वको कर्तव्यको रूपमा लिएको छ।

१२. समृद्धि अब नेपालका लागि मृगतृष्णा मात्र हुनसक्दैन। विकास बाहेक समृद्धि हासिल गर्ने अर्को बाटो छैन। विकासका लागि शान्ति र स्थायित्व पूर्वशर्त हुन् भन्ने कुरामा कुनै विवाद हुनसक्दैन। शान्ति र स्थायित्वमा यस सरकारले गम्भीरताका साथ ध्यान दिनेछ। अशान्तिका निम्ति कुनै वास्तविक कारण रहन दिनेछैन। तथ्य, तर्क र कानुनका आधारमा जनताका जायज मागहरूलाई सुन्ने र पूरा गर्ने काम हुनेछ। जोरजुलुम र अराजकता कुनै हालतमा पनि स्वीकार्य हुनसक्दैन। यस सरकारले लोकप्रियताका लागि काम गर्दैन, जनताका लागि राम्रा काम गरेर लोकप्रिय हुन्छ।

१३. नेपालको संविधानले नेपाली जनताको सार्वभौमिकतालाई संवैधानिक, कानुनी र व्यावहारिक रूपमा स्थापित गरिसकेको छ। संविधानप्रदत्त अवसर, राज्यबाट प्रदान गरिने सेवा सुविधा, समग्र सुरक्षा र सम्मान सबै नेपालीले सहज,

अनुकूल र वास्तविक अर्थमा प्राप्त गर्न सकुन् भनेर नै राज्यको पुनर्संरचना गरिएको हो। देशको कुनै पनि भूभाग, कुनै पनि समुदाय वा व्यवसायका जनता पछि परे भने नेपाल विकसित भयो, अघि बढ्यो भन्न सकिँदैन। एक जना मात्र नेपाली भोकै रह्यो भने सबै नेपालीले खाएका छन् भन्न सकिँदैन।

१४. संघ, प्रदेश र स्थानीय तीनै तह जनप्रतिनिधि संस्था र सरकारका रूपमा स्थापित भएका छन्। यी तीनै तह एउटै राष्ट्र नेपाल, एउटै नेपाल सरकार, एउटै नेपाली जनता, एउटै नेपाली समाज, एउटै भूगोलभित्रका सबै जाति, सबै भाषा, सबै आस्था र विश्वास, सबै संस्कृति, सबै भेषभूषा र सबै व्यवसायका तमाम नेपाली जनताका हितका निम्ति काम गर्ने साझा संयन्त्रहरू हुन्, विरोधाभाषी होइनन्।

१५. संघ, प्रदेश र स्थानीय तह सबै आ-आफ्ना ठाउँमा अधिकारसम्पन्न छन्। हामी सबैलाई समयले सुम्पिएका साझा अभिभारा र कर्तव्य छन्। राज्यका सबै अङ्ग, निकाय, संरचना र संस्थाहरू जनतालाई अधिकारसम्पन्न बनाउन र

आधुनिक समृद्ध नेपाल बनाउन आ-आफ्नो ठाउँबाट कृतसङ्कल्पित छन्। प्रदेश र स्थानीय तहको विकास गर्न, प्रदेश र स्थानीय तहलाई बलियो बनाउन, यिनीहरूको प्रभावकारिता र मर्यादा बढाउन संघीय सरकारले ध्यान पुऱ्याउनेछ।

१६. "समृद्ध नेपाल, सुखी नेपाली" हाम्रो दीर्घकालीन उद्देश्य हुनेछ। सगरमाथाको उचाइ र गौतमबुद्धको शान्तिको ज्योतिबाट विश्वमा परिचित नेपाललाई एक दशकभित्रै समृद्धिसहितको सम्मानित परिचयमा स्थापित गर्ने राष्ट्रिय सङ्कल्प सरकारले गरेको छ। यस सरकारका प्रत्येक कार्यहरूको केन्द्रबिन्दु आम नागरिक हुनेछन्। सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ।

१७. राष्ट्रियता, लोकतन्त्र, शान्ति सुरक्षा, परराष्ट्र सम्बन्ध, विकास निर्माण, सुशासन र समृद्धिका क्षेत्रमा सहमतिका साथ अघि बढ्न सरकार प्रतिबद्ध छ। यी प्रतिबद्धता पूरा गर्न

सरकार सबै राजनीतिक दल र अन्य सरोकारवालाको साथ र सहकार्यका लागि आह्वान गर्दछ।

**प्रतिनिधि सभाका सभामुख,**

**राष्ट्रिय सभाका अध्यक्ष,**

१८. वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी विकास र समृद्धि हासिल गर्नेतर्फ केन्द्रित भएर यस सरकारले आर्थिक वर्ष २०७५/७६ का नीति तथा कार्यक्रमहरू तयार गरेको छ। यो आर्थिक वर्ष समृद्धिको इतिहास रच्ने आधार वर्ष हुनेछ।

१९. यस सरकारले विकासप्रतिको सोच र प्रक्रिया, कार्यसंस्कृति, शासकीय प्रणाली, अर्थतन्त्रको संरचना र सामाजिक न्यायका क्षेत्रमा रूपान्तरण गर्नेछ। विकास नीति, रणनीति, कार्यनीति, कानुन, संस्था, जनशक्ति र स्रोतसाधन, सहभागिता, सेवाप्रवाह र नतिजा अनुगमन एवं मूल्याङ्कनका क्षेत्रमा आमूल परिवर्तन गरिनेछ।

२०. अबको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ। त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनाका

सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ। विकास, निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध, शासकीय सुधारलगायतका विविध पक्षमा अध्ययन अनुसन्धान गरी सरकारलाई नियमित सुझाव दिनका लागि विज्ञहरू सम्मिलित थिङ्क ट्याङ्कको व्यवस्था गरिनेछ। अब बन्ने योजनाहरू पूर्ण योजना हुनेछन्, सम्पूर्णतामा कार्यान्वयन गरिनेछ, सबै नतिजा समयमै प्राप्त गरिनेछ। हाम्रा नतिजा र उपलब्धिहरू गुणस्तरमा विश्वस्तरीय र प्रभावमा देशको कायापलट गर्न सक्षम हुनेछन्।

२१. हाम्रा नीतिहरू प्रगतिशील र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने किसिमका हुनेछन्। विकास र सेवाप्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानुनलाई पूर्णता दिइनेछ, आवश्यकताअनुसार नयाँ नीति र कानुन निर्माण गरिनेछ। राज्यका संस्थागत संरचनाहरूलाई सक्षम र कार्यमूलक बनाइनेछ। संस्थाहरूको कार्यप्रकृति, प्रदान गर्नुपर्ने सेवा र अवस्थितिको विश्लेषण र नक्शाङ्कन गरी आवश्यकताअनुसार स्थानान्तरण, खारेजी र नयाँ संरचना निर्माण गरिनेछ। हरेक

क्षेत्रमा योग्य, विशेषज्ञ र दक्ष जनशक्ति विकास एवं परिचालन गर्न वृहत् जनशक्ति योजना तर्जुमा गरिनेछ। देशभित्र उपलब्ध, प्रयोग नभएका र कम प्रयोग भएकासमेत सम्पूर्ण स्रोतसाधनलाई कुशलतापूर्वक पूर्ण परिचालन गरिनेछ।

२२. नेपालको अर्थतन्त्रलाई उच्च आर्थिक वृद्धिसहितको सन्तुलित र सुदृढ अर्थतन्त्रको रूपमा विकास गरिनेछ। अर्थतन्त्रलाई उत्पादनमुखी, रोजगारी प्रवर्द्धक, आत्मनिर्भर र निर्यातमूलक बनाउन अर्थतन्त्रको संरचनामा परिवर्तन गरिनेछ। सबै स्रोतसाधनको सदुपयोगबाट उत्पादकत्व वृद्धि गरी सबै क्षेत्रका न्यूनता र अभाव समाप्त गरिनेछ।

२३. आगामी आर्थिक वर्षमा दोहोरो अङ्क नजिकको र पाँच वर्षभित्र दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गरिनेछ। नेपालीको हालको प्रतिव्यक्ति आय पाँच वर्षमा दोब्बर बनाइनेछ। दश वर्षभित्र नेपाललाई मध्यमस्तरको आय भएको मुलुकमा स्तरोन्नति गरिनेछ। दिगो विकासका लक्ष्यहरू निर्धारित समयभन्दा अगावै हासिल गर्न

कार्यक्रमहरू कार्यान्वयन गरिनेछन्। राष्ट्रिय आयको ठूलो हिस्सा सीमित वर्गले मात्र उपभोग गर्ने स्थितिको अन्त्य गरी नेपालीबीचको आय असमानता कम गर्दै लगिनेछ। आर्थिक विकासमा सहभागी हुने, योगदान गर्ने र प्रतिफल प्राप्त गर्ने अवसर सम्पूर्ण नेपालीलाई उपलब्ध गराइनेछ।

२४. यस सरकारले कृषि, ऊर्जा, उद्योग, यातायात, भौतिक पूर्वाधार, सूचना प्रविधि, पर्यटन र सहरी विकासलाई आर्थिक वृद्धिको संवाहकको रूपमा पहिचान गरेको छ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रमुख लगानी यी क्षेत्रमा केन्द्रित गरिनेछ। वैदेशिक लगानी तथा विकास साझेदारबाट प्राप्त स्रोतलाई यी क्षेत्रमा परिचालन गरिनेछ। गैरआवासीय नेपालीहरूलाई नेपालमा आफ्नो ज्ञान, सीप र पूँजी उपयोग गर्न उत्प्रेरित गरिनेछ।

२५. देशका सबै क्षेत्रको उत्पादकत्व वृद्धि गर्न राष्ट्रिय रणनीति बनाइनेछ। कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक क्षेत्रको योगदान र सेवा क्षेत्रको गुणस्तर वृद्धि गरिनेछ। विप्रेषण र आयातमा आधारित अर्थतन्त्रलाई उत्पादनमा आधारित

अर्थतन्त्रमा रूपान्तरण गरिनेछ। नेपाली अर्थतन्त्रको विश्व अर्थतन्त्रसँगको आबद्धता बढाइनेछ।

२६. देशको वर्तमान आर्थिक स्थितिका सम्बन्धमा हालै जारी भएको श्वेतपत्रले देशको समग्र आर्थिक स्थिति कठिन अवस्थामा रहेको देखाएको छ। श्वेतपत्रमा देखिएका समस्याहरूको ठोस समाधान खोजिनेछ।

२७. सरकारी खर्च व्यवस्थापनलाई नतिजा उन्मुख बनाइनेछ। स्पष्ट नतिजा प्राप्तिको सुनिश्चितता नभएका र पर्याप्त तयारी नसकिएका कार्यक्रम तथा आयोजनामा बजेट विनियोजन गरिनेछैन। वित्तीय अनुशासनमा कडाइ गरिनेछ। सरकारी कोषको दोहन गर्ने प्रवृत्तिमा अंकुश लगाइनेछ।

२८. आन्तरिक स्रोत परिचालनमा वृद्धि गरिनेछ। वित्तीय क्षेत्रको लगानीको प्रमुख हिस्सा पूँजी निर्माण र उत्पादन वृद्धिमा प्रवाहित गरिनेछ। पूँजी बजारको विस्तार गरी आन्तरिक लगानी परिचालनलाई गतिशील बनाइनेछ। विभिन्न संघसंस्था र कोषहरूमा निष्क्रिय रहेको रकमलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरिनेछ। विप्रेषण आयलाई

अनावश्यक उपभोग, अनुत्पादक क्षेत्रमा लगानी र निष्क्रिय राख्ने प्रवृत्तिमा परिवर्तन गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ। राजस्व चुहावट र अपचलन तथा अवैध मुद्रा र सम्पत्ति शुद्धीकरण विरुद्ध कठोर कदम चालिनेछ।

२९. वित्तीय क्षेत्रका नियामक निकायहरूको क्षमता वृद्धि गरी नियमन र सुपरीवेक्षण प्रभावकारी बनाइनेछ। सबै नेपालीलाई वित्तीय पहुँच सुनिश्चित गरिनेछ। प्रत्येक नेपाली नागरिकको बैंक खाता खोलिनेछ। सरकारी, निजी र संगठित क्षेत्रबाट हुने सबै प्रकारका भुक्तानी बैंक खातामा मात्र हुने व्यवस्था गरिनेछ।

**प्रतिनिधि सभाका सभामुख,**

**राष्ट्रिय सभाका अध्यक्ष,**

३०. पाँच वर्षभित्र कृषिमा आश्रित करिब दुई तिहाइ जनसङ्ख्याको ठूलो हिस्सा गैर कृषि क्षेत्रमा परिचालन हुने अवसर सिर्जना गरिनेछ। कृषि उत्पादकत्व वृद्धि गरी पाँच वर्षमा कृषिको उत्पादन दोब्बर बनाउन कृषिलाई

आधुनिकीकरण र व्यावसायीकरण गरिनेछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई विस्तार गरी तीव्रताका साथ कार्यान्वयन गरिनेछ।

३१. भूमिको उत्पादकत्व वृद्धि गर्न भू-उपयोग नीति र कानुन परिमार्जन गरी कार्यान्वयन गरिनेछ। प्रकृति, स्वरूप र सम्भावनाका आधारमा समग्र भूमिको उपयोग गरिनेछ। कृषियोग्य भूमिको खण्डीकरण र अतिक्रमण रोकिनेछ। करार, सहकारी र सामूहिक खेतीलाई प्रोत्साहन गरिनेछ।

३२. प्रमुख कृषि उपज, पशुपन्छीजन्य तथा मत्स्य उत्पादनमा आत्मनिर्भर हुने र उच्च मूल्यका कृषि उपजहरूको निर्यात वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ। कृषि उत्पादनको बहु उपयोग हुने गरी उत्पादन विविधिकरण र मूल्य शृङ्खला विस्तार गरिनेछ। निर्यातयोग्य उच्च मूल्यका कृषि उपजहरूको खेतीलाई प्रोत्साहन गरिनेछ। अर्गानिक नेपाल बनाउन कृषि उपजहरूको अर्गानिक उत्पादन गर्ने अभियान तत्काल सुरु गरिनेछ।

३३. कृषि उत्पादनलाई चाहिने मल, बीऊ, औषधि, उपकरण र अन्य आवश्यक सेवाहरू गाउँपालिका, नगरपालिकाको कृषि तथा पशु सेवा केन्द्रमार्फत् उपलव्ध गराइनेछ। खाद्य स्वच्छता प्रवर्द्धन गर्न प्रभावकारी नियमनको व्यवस्था गरिनेछ। कृषकहरूलाई माटो स्वास्थ्य प्रमाणपत्र उपलब्ध गराइनेछ। उत्पादन जोखिम सम्बोधन गर्न कृषि बीमा विस्तार गरिनेछ। कृषकहरूलाई कृषि तथा पशुपन्छीसम्बन्धी प्राविधिक ज्ञान र सीप प्रदान गर्न कृषि ज्ञान केन्द्र स्थापना गरिनेछ। कृषकहरूले सरकारी कृषि केन्द्रहरूबाट प्रविधि र सीपको व्यावहारिक ज्ञान प्राप्त गर्ने व्यवस्था मिलाइनेछ।

३४. बाली लगाउनुपूर्व नै धान, गहुँ र उखुको न्यूनतम समर्थन मूल्य तोकिनेछ। कृषि उपजको प्रकृति अनुसार भण्डारण व्यवस्था गरिनेछ। कृषि उत्पादनका साधनहरूको उपलब्धता, उत्पादन, सञ्चय, बिक्री वितरण र मूल्यको अनुगमन एवं नियमन गरिनेछ।

३५. आधुनिक प्रविधिको प्रयोग गरी साना, मझौला र ठूला सिंचाइ आयोजनाहरूको निर्माण तथा कार्यान्वयनबाट पहाड तथा

तराईका कृषियोग्य जमीनमा सिंचाइ सुविधा विस्तार गरिनेछ।

३६. वन व्यवस्थापनलाई वैज्ञानिक बनाइनेछ। उच्च मूल्यका स्थानीय वातावरण अनुकूलका वन, फलफूल, जडिबूटी तथा कृषिजन्य वन पैदावारहरूको खेती विस्तार, मूल्य अभिवृद्धि र बजारीकरणलाई प्रोत्साहित गरिनेछ। सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारीमा वन पैदावारमा आधारित उद्योग स्थापना गरिनेछ। मुख्य सहरहरूलाई हरित् सहरको रूपमा विकास गरिनेछ।

३७. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। जैविक विविधताको संरक्षण गरिनेछ। वातावरण संरक्षण र व्यवस्थापन, भू-क्षय नियन्त्रण र नदी मुहान तथा किनारा संरक्षण गरिनेछ। राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। पहाडी भूभाग र चुरे क्षेत्रमा ताल एवं पोखरी निर्माण गरी वर्षात्को पानी सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ।

३८. स्वच्छ पानीको स्रोतको रूपमा रहेका हिमाल तथा हिमतालहरूको संरक्षण गरिनेछ। सगरमाथा र अन्य उच्च हिमशिखर एवं आसपासका क्षेत्रहरूको सफाइमा विशेष ध्यान दिइनेछ। यी क्षेत्रमा फोहोरजन्य क्रियाकलाप गर्ने सबैलाई दण्डित गरिनेछ।

**प्रतिनिधि सभाका सभामुख,**

**राष्ट्रिय सभाका अध्यक्ष,**

३९. दश वर्षभित्र प्रतिव्यक्ति विद्युत खपत हालको ११० बाट १५०० किलोवाट घण्टा पुर्‍याइनेछ। पाँच वर्षभित्र उत्पादनका सबै क्षेत्र, सार्वजनिक यातायात सेवा र अन्य पूर्वाधारका क्षेत्रमा चौबीसै घण्टा विद्युत आपूर्तिको व्यवस्था मिलाइनेछ।

४०. सार्वजनिक र निजी क्षेत्रको लगानीबाट साना, मझौला र ठूला जलविद्युत आयोजना निर्माण गरी पाँच वर्षभित्र ५ हजार मेगावाट र दश वर्षभित्र १५ हजार मेगावाट विद्युत उत्पादन गरिनेछ। सम्भाव्य स्थलहरूमा सौर्य ऊर्जा, वायु ऊर्जा, भू-

तापीय ऊर्जा एवं अन्य नवीकरणीय वैकल्पिक ऊर्जा प्रविधिलाई प्रोत्साहन गरिनेछ।

४१. विद्युत प्रसारण लाइन निर्माणमा सरकारले अग्रणी भूमिका खेल्नेछ। पूर्व पश्चिम राजमार्ग र रसुवागढी-काठमाडौं-बीरगञ्ज कोरिडोरहरूमा ७६५ केभी क्षमताको प्रसारण लाइन निर्माण गरिनेछ। कर्णाली, गण्डकी र कोशी कोरिडोरमा उच्च क्षमताको प्रसारण लाइन निर्माण गरिनेछ। अन्तरदेशीय प्रसारण लाइनहरू विस्तार गरिनेछ।

४२. आत्मनिर्भर बनाउने र निर्यात वृद्धि गर्ने कृषि, वन तथा खानीजन्य उद्योगमा लगानी प्रोत्साहन गरी औद्योगिक उत्पादन बढाइनेछ। विश्व बजारमा प्रतिस्पर्धी उत्पादन गर्नसक्ने ठूला उद्योग स्थापना गर्ने नीति अवलम्बन गरिनेछ। प्रदेश तहमा औद्योगिक क्षेत्र र स्थानीय तहमा उद्योग ग्राम स्थापना गरिनेछ। बन्द र रुग्ण उद्योगहरूलाई सम्भाव्यताका आधारमा सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गरिनेछ।

४३. आत्मनिर्भर हुने गरी चिनी उद्योगको विकास गरिनेछ। देशलाई आवश्यक औषधि स्वदेशमै उत्पादन गर्ने नीति लिइनेछ। छालाजुत्ता उद्योगको क्षमता विस्तार र गुणस्तरमा सुधार गर्न छालाजुत्ता उत्पादन क्षेत्र स्थापना गरिनेछ।

४४. सिमेण्ट उद्योगलाई क्रमशः निर्यातमूलक उद्योगको रूपमा विकास गरिनेछ। फलाम खानीको वैज्ञानिक परीक्षण गरी फलाम उत्खनन एवं प्रशोधन कार्य अगाडि बढाइनेछ। जुट, गलैंचा, तयारी पोसाक, धागो र हस्तकला उद्योगको थप विकास गरी निर्यात वृद्धि गरिनेछ।

४५. निजी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गका रूपमा सामेल र प्रोत्साहन गरिनेछ। लगानीमैत्री वातावरण, अनुकूल श्रम सम्बन्ध र लगानी तथा मुनाफाको सुरक्षाको प्रत्याभूति गरिनेछ। सहकारीलाई अर्थतन्त्रको महत्त्वपूर्ण हिस्साको रूपमा विकास गरी उत्पादन वृद्धि, रोजगारी सिर्जना र वितरणमा तिनको भूमिका बढाइनेछ।

४६. स्वदेशी वस्तु र सेवाको उत्पादन, गुणस्तर र प्रतिस्पर्धी क्षमता वृद्धि गरिनेछ। जनस्वास्थ्यमा प्रतिकूल असर गर्ने,

अनावश्यक उपभोगलाई बढावा दिने र घरेलु अर्थतन्त्रलाई नोक्सान पुऱ्याउने वस्तु र सेवाको आयात नगर्ने नीति लिइनेछ।

४७. सबै प्रकारका सिण्डिकेट, कार्टेलिङ र मिलेमतोलाई कठोरताका साथ अन्त्य गरिनेछ। स्वच्छ प्रतिस्पर्धा सुनिश्चित गरिनेछ। उपभोग्य वस्तुको गुणस्तर नियमन र अनुगमन गर्ने संस्थाहरूको क्षमता विकास गरी समन्वयात्मक रूपमा परिचालन गरिनेछ। आधारभूत उपभोग्य वस्तुहरू र पेट्रोलियम पदार्थको भण्डारण क्षमता विस्तार गरिनेछ।

४८. लगानीकर्ताहरूका लागि एकै थलोबाट सहज सेवा उपलब्ध गराइनेछ। लगानी प्रोत्साहन गर्न कानुनी, संस्थागत र प्रक्रियागत सुधार गरी व्यवसाय गर्ने लागत घटाइनेछ।

**प्रतिनिधि सभाका सभामुख,**

**राष्ट्रिय सभाका अध्यक्ष,**

४९. महत्त्वपूर्ण राष्ट्रिय राजमार्गहरूलाई एक्सप्रेस हाइवेका रूपमा विकास गरिनेछ। राष्ट्रिय महत्त्वका पूर्व-पश्चिम र उत्तर-दक्षिण सडकहरूलाई राष्ट्रिय रणनीतिक सडक सञ्जालका

रूपमा विकास गरिनेछ। सडक तथा यातायातको सञ्चालन लागत र दूरी कम गर्न तथा सडक सुरक्षा सुनिश्चित गर्न आवश्यकताअनुसार सडकको रेखाङ्कन परिमार्जन गर्ने र सुरुङ मार्ग निर्माण गर्ने नीति लिइनेछ। राजमार्गहरूमा कलात्मक पुल निर्माण गर्न सुरु गरिनेछ।

५०. पाँच वर्षभित्र काठमाडौं-निजगढ द्रुतमार्ग, मध्यपहाडी लोकमार्ग र हुलाकी राजमार्गको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरिनेछ। चुरे तथा भित्री मधेशका उपत्यकाहरूलाई आर्थिक तथा औद्योगिक कोरिडोरको रूपमा विकास गर्न पूर्व झापाको शान्तिनगरदेखि पश्चिम डडेल्धुराको रुपालसम्मको मदन भण्डारी राजमार्गको निर्माण कार्यलाई तीब्रता दिइनेछ। पाँच वर्षभित्र स्थानीय तहका केन्द्रलाई कालोपत्रे सडकले जोडिनेछ।

५१. ठूला नदी नियन्त्रण र किनारा संरक्षण गरी नदी किनारामा विद्युत प्रसारण लाइन र सडक निर्माण गर्ने नीति अवलम्बन गरिनेछ। सबै सडकहरूमा आवश्यक क्षेत्र अतिक्रमित हुन नदिने व्यवस्था मिलाइनेछ।

५२. मेची-महाकाली रेलमार्ग, काठमाडौं-बीरगञ्ज रेलमार्ग, रसुवागढी-काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्गको निर्माण कार्य अघि बढाइनेछ। कोशी, गण्डकी र कर्णाली नदीहरूमा जल यातायात सञ्चालन गर्न कानुनी, नीतिगत र संस्थागत व्यवस्था गरिनेछ।

५३. पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहित गरिनेछ। सार्वजनिक खरिद, जग्गा प्राप्ति, वन क्षेत्रको प्रयोग र वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी नीति, कानुन र प्रक्रियालाई सरल बनाइनेछ।

५४. सूचना प्रविधिमा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ। सबै स्थानीय तहसम्म सूचना महामार्ग विस्तार गरिनेछ। सार्वजनिक प्रशासन, व्यावसायिक क्षेत्र, सार्वजनिक एवं निजी सेवा, अभिलेख, तथ्याङ्क र वित्तीय कारोबारहरूलाई विद्युतीय सूचना प्रविधिमा आधारित बनाइनेछ।

५५. सर्वसाधारणले डिजिटल माध्यमबाट सरकारी सेवा प्राप्त गर्नसक्ने व्यवस्था गरिनेछ। सरकारी सेवाको सहज जानकारी पाउनसक्ने र आफ्ना गुनासा तथा सुझावहरू

सम्बन्धित निकाय र पदाधिकारीसमक्ष सोझै पठाउन सक्ने व्यवस्था गर्न "नागरिक अधिकार मोबाइल एप्स" प्रयोगमा ल्याइनेछ। सबै नेपालीलाई बायोमेट्रिक सूचना र पृथक् नम्बरसहितको राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ।

५६. शिक्षा र स्वास्थ्य सेवा प्रवाहमा आधुनिक सञ्चार प्रविधिको प्रयोग बढाइनेछ। सामुदायिक विद्यालय, अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा उच्च गतिको इन्टरनेट सुविधा पुऱ्याइनेछ। डिजिटल प्रणालीमार्फत् भर्चुअल सिकाइ र स्वास्थ्य उपचारको व्यवस्था मिलाइनेछ। अन्तर्क्रियात्मक श्रव्यदृश्यको माध्यमबाट गुणस्तरीय शिक्षा र विशेषज्ञ चिकित्सकीय सेवा उपलब्ध गराइनेछ।

५७. सबै प्रकारका अनुगमनमा सूचना प्रविधिको प्रयोग गरिनेछ। सेवाप्रदायक सबै सरकारी निकायहरूलाई सूचना प्रविधि सञ्जालमा आबद्ध गरी प्रमुख नतिजा र निर्णयको परीक्षण गरिनेछ।

**प्रतिनिधि सभाका सभामुख,**

**राष्ट्रिय सभाका अध्यक्ष,**

५८. पर्यटन पूर्वाधार निर्माण, प्रचार प्रसार र पर्यटक अनुकूल सेवा सुविधाको विस्तार गरिनेछ। गुणस्तरीय पर्यटकको सङ्ख्या वृद्धि गर्ने नीति लिइनेछ। प्रचलित पर्यटकीय गन्तव्यको विकास र स्तरोन्नति गरी थप पर्यटकीय गन्तव्य पहिचान र विकास गरिनेछ।

५९. नेपालको हवाई उड्डयन क्षेत्रलाई थप सुरक्षित र प्रभावकारी बनाउन उच्चतम प्रविधिको प्रयोग गरिनेछ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हवाई क्षेत्र, हवाई मार्ग र विमानस्थलको पुनर्संरचना, स्तरवृद्धि र विस्तार गरिनेछ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यलाई तीव्रता दिइनेछ। एक वर्षभित्र गौतम बुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र तीन वर्षभित्र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याइनेछ। अन्य आन्तरिक विमानस्थलहरूको स्तरवृद्धि र धावनमार्ग सुधार तथा विस्तार गरिनेछ।

६०. परम्परा, भाषा, संस्कृति, रीतिरिवाज र रहनसहन झल्काउने राष्ट्रिय सांस्कृतिक संग्रहालयहरू निर्माण गरिनेछ। ऐतिहासिक महत्त्वका किल्ला, गढी एवं समाधिस्थल लगायतका राष्ट्रिय सम्पदाहरूको संरक्षण र विकास गरिनेछ।

६१. सम्भाव्यताका आधारमा सहरहरूलाई मेगा सिटी र स्मार्ट सिटीको रूपमा विकास गरिनेछ। सबै सहरमा शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, सञ्चार, यातायात, बैंक, खेलमैदान, पर्याप्त खुला क्षेत्र, पोखरी, ताल एवं मनोरञ्जनस्थल लगायतका पूर्वाधार तयार गरी उन्नतस्तरको सुविधा उपलब्ध गराइनेछ। ऐतिहासिक एवं सांस्कृतिक महत्त्वका सहरहरूको पुनरुत्थान गरिनेछ।

६२. सेवा सुविधा पुर्‍याउन र प्राप्त गर्न कठिन, विकासका निम्ति बाधक, अपायक र असुरक्षित स्थानमा रहेका छिटपुट बस्तीहरूलाई स्थानान्तरण गरी पुनर्वास गराउन पहाडी क्षेत्रमा पनि "जनता आवास" कार्यक्रम विस्तार गरिनेछ। लोपोन्मुख, विपन्न र सीमान्तकृत वर्ग तथा जोखिममा रहेका

नागरिकका लागि सुरक्षित, किफायती, वातावरणमैत्री, व्यवस्थित बस्तीसहितको आवास सुविधाको व्यवस्था गरिनेछ।

६३. संघ, प्रदेश र स्थानीय तहमा सहरी पूर्वाधार एवं भवन निर्माणको मापदण्ड लागु गरिनेछ। प्रदेश राजधानी र स्थानीय तहका केन्द्रहरूको एकीकृत पूर्वाधार विकास गुरुयोजना तयार गरिनेछ। व्यवस्थित सहर, आर्थिक केन्द्र र बस्तीहरूको विकास गरी गाउँ र सहरबीचको अन्तर कम गरिनेछ।

**प्रतिनिधि सभाका सभामुख,**

**राष्ट्रिय सभाका अध्यक्ष,**

६४. मानवीय क्षमता विकास गर्न संघ, प्रदेश र स्थानीय तहबाट गुणस्तरीय शिक्षा, सीप विकास, स्वास्थ्य, खानेपानी तथा सरसफाइमा लगानी वृद्धि गरिनेछ। निजी र सामुदायिक क्षेत्रलाई समेत यी क्षेत्रमा लगानी बढाउन उत्प्रेरित गरिनेछ।

६५. आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गरिनेछ। विद्यालय पढ्ने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने

कार्यलाई प्रत्येक वर्ष अभियानको रूपमा अगाडि बढाइनेछ। यसै शैक्षिक सत्रदेखि कक्षा १ मा भर्ना भएका सबै विद्यार्थीले माध्यमिक शिक्षा पूरा गर्ने व्यवस्था मिलाइनेछ।

६६. विद्यालय छाड्ने कारणबारे अध्ययन अनुसन्धान गरी सुधारका कार्यक्रम सञ्चालन गरिनेछ। औपचारिक शिक्षा छाडेका विद्यालय पढ्ने उमेरकालाई विद्यालय फर्काउने र विद्यालय पढ्ने उमेर नाघेकालाई प्राविधिक र व्यावसायिक सीप प्रदान गरिनेछ। औपचारिक शिक्षा प्रणालीसँग आबद्ध हुन चाहनेहरूका लागि खुला तथा वैकल्पिक शिक्षा प्रणालीको विस्तार गरिनेछ।

६७. शिक्षामा निजी लगानीको नियमन गरी शैक्षिक क्षेत्रमा रहेको विषमता हटाइनेछ। प्रत्येक विद्यालयलाई बालमैत्री विद्यालयको रूपमा विकास गर्ने गरी विद्यालयहरूको पूर्वाधार विकास गरिनेछ। अपाङ्गताको प्रकृति अनुरूप आवश्यकताको आधारमा प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त विशेष शिक्षा आवासीय विद्यालय सञ्चालन गरिनेछ।

६८. विद्यालय शिक्षाको पाठ्यक्रममा राष्ट्रियता र देशप्रेमको भावना विकास गर्ने, उच्च नैतिक चरित्र निर्माण गर्ने र कर्तव्य बोध गराउने विषय समावेश गरी विद्यार्थीहरूमा आदर्श र अनुशासित नागरिकका गुणहरू विकास गरिनेछ।

६९. उच्च शिक्षालाई विशिष्टीकरण गरिनेछ। विश्वविद्यालयहरूलाई सेन्टर अफ एक्सलेन्सको रूपमा विकास गरिनेछ। प्रदेशहरूमा प्राविधिक तथा व्यावसायिक महाविद्यालय स्थापना गरिनेछ। स्थानीय तहमा पोलिटेक्निक स्थापना गरिनेछ। विद्यालय तहदेखि नै जीवन उपयोगी व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिइनेछ। प्राविधिक तथा व्यावसायिक शिक्षाको अनुपात बढाइनेछ।

७०. विज्ञान र प्रविधिको क्षेत्रमा विश्वस्तरको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने विशिष्ट प्रतिष्ठानको रूपमा मदन भण्डारी विज्ञान तथा प्रविधि अध्ययन प्रतिष्ठान स्थापना गरिनेछ।

७१. आधारभूत र विशेषज्ञ स्वास्थ्य सेवाको गुणस्तरमा सुधार गरिनेछ। स्थानीय तहबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क

उपलब्ध गराइनेछ। प्रदेश तहबाट विशेषज्ञ स्वास्थ्य सेवाका साथै रेफरल सेवा उपलब्ध गराइनेछ। केन्द्रीय स्वास्थ्य संस्थाहरूबाट अत्याधुनिक विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। पाँच वर्षभित्र विशिष्टीकृत स्वास्थ्य उपचारका लागि विदेश जानुपर्ने अवस्थाको अन्त्य गरिनेछ।

७२. पाँच वर्षभित्र प्रत्येक स्थानीय तहमा न्यूनतम १५ शय्याको अस्पताल निर्माण गरिनेछ। प्रत्येक स्थानीय तहमा कम्तीमा एक चिकित्सक रहने व्यवस्था गरिनेछ। एक सय शय्याभन्दा ठूला अस्पतालहरूमा ज्येष्ठ नागरिक वार्डको व्यवस्था गरिनेछ।

७३. स्वास्थ्य सेवा प्रदायक सार्वजनिक, निजी र सामुदायिक संस्थाहरूसँग सहकार्य गरी आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ। अशक्त, असहाय र बेवारिसे मनोसामाजिक बिरामीहरूको उपचार र पुनर्स्थापना गरिनेछ। स्वास्थ्य केन्द्रहरूमा आकस्मिक शल्यक्रिया र ट्रमा उपचार सेवा उपलब्ध गराई दुर्घटनाबाट घाइते भएका व्यक्तिहरूको प्रारम्भिक उपचार गर्ने व्यवस्था मिलाइनेछ।

७४. गुणस्तरीय पूर्वाधार, उपकरण र जनशक्तिको व्यवस्था गरी अस्पताल सेवामा सुधार गरिनेछ। चिकित्सक तथा स्वास्थ्यकर्मीले बिरामीलाई गर्ने व्यवहारसम्बन्धी आचारसंहिता लागु गरिनेछ।

७५. सबै नेपालीको स्वास्थ्य बीमा हुने गरी स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरिनेछ। स्वास्थ्य बीमाको प्याकेजमा पुनरावलोकन गरी समयसापेक्ष बनाइनेछ।

७६. स्वास्थ्य सेवामा निरोधात्मक र प्रतिरोधात्मक पद्धतिको सम्मिश्रण गरिनेछ। विद्यमान नीति तथा कानुनहरूमा सुधार गर्दै जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वस्तुको उपभोग निरुत्साहित गरिनेछ। आयुर्वेदिक, युनानी, होमियोप्याथी, प्राकृतिकलगायतका चिकित्सा प्रणालीहरूलाई आधुनिकीकरण गरी संरक्षण र प्रवर्द्धन गरिनेछ। विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय स्थापना गरिनेछ।

७७. सबै नेपालीलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराइनेछ। मुहान संरक्षण, भूमिगत स्रोतको दोहन नियन्त्रण र वर्षात्को पानी सङ्कलन गरी खानेपानीको स्रोत

वृद्धि गरिनेछ। आवश्यकताअनुसार लिफ्ट प्रविधि र ठूला खानेपानी आयोजना सञ्चालन गरिनेछ। तराई क्षेत्रमा आर्सेनिकमुक्त खानेपानी सुविधा उपलब्ध गराइनेछ।

७८. अस्पताल, उद्योग, होटल तथा अन्य ठूला प्रतिष्ठानहरूबाट निस्कने फोहोरमैलालाई सुरक्षित ढङ्गले व्यवस्थापन नगर्ने सञ्चालकलाई कारबाहीको दायरामा ल्याइनेछ। नदी, खोला, तालतलैया, नहर र सार्वजनिक स्थानमा फोहोर विसर्जन गर्नेहरूलाई दण्डित गरिनेछ।

**प्रतिनिधि सभाका सभामुख,**

**राष्ट्रिय सभाका अध्यक्ष,**

७९. रोजगारी अवसरका सम्भाव्य क्षेत्र पहिचान गर्न, रोजगारीका लागि व्यावसायिक सीप विकास गर्न र देशभित्रै व्यापक रोजगारीका अवसरहरूको सिर्जना गरी पाँच वर्षभित्र रोजगारीका लागि विदेश जानुपर्ने स्थितिको अन्त्य गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गरिनेछ।

८०. यस सरकारले समान कामको लागि समान ज्यालाको नीति लागु गर्नेछ। श्रमलाई सम्मानित र मर्यादित बनाउन श्रम

कानुनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ। श्रम अडिटअन्तर्गतको व्यवसायजन्य सुरक्षा निरीक्षण र श्रम निरीक्षणलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ। श्रम क्षेत्रमा आउने गुनासा र विवादलाई तत्काल समाधान गर्न अर्धन्यायिक निकाय स्थापना गरिनेछ। स्थानीय तहमा रोजगार सूचना कक्ष स्थापना गरिनेछ। बालश्रम निषेध गरिनेछ।

८१. एकीकृत सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन गरिनेछ। औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षा उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

८२. महिला सशक्तीकरणका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। महिला, बालबालिका, ज्येष्ठ नागरिक, विपन्न, लोपोन्मुख र सीमान्तीकृत समुदायलाई सामाजिक संरक्षण गरिनेछ। कानुन कार्यान्वयनको प्रभावकारिता बढाई बलात्कार, यौन शोषण, मानव ओसारपसार र बेचबिखन तथा महिलाविरुद्ध हुने सबै

प्रकारका हिंसाजन्य कार्यहरूलाई निर्मूल गरिनेछ। महिला हिंसाको प्रमुख कारणको रूपमा रहेका अशिक्षा, अभाव, अन्धविश्वास र पछौटेपन हटाउन विशेष अभियान सञ्चालन गरिनेछ।

८३. समाजका राम्रा मूल्य र मान्यताहरूको संरक्षण गरिनेछ। बालविवाह, दाइजो, तिलक, बोक्सी, छाउपडी, जातीय भेदभाव, उत्पीडन तथा छुवाछुत एवं सामाजिक कुरीति उन्मूलन गरिनेछ। सबै जाति, वर्ग, लिङ्ग र समुदायलाई राष्ट्रिय मूलप्रवाहमा आबद्ध गरिनेछ। लोपोन्मुख धर्म, भाषा र संस्कृतिको संरक्षण गरिनेछ। यस सरकारले धार्मिक आस्था, प्रथा वा प्रचलनका कारणले कसैलाई कुनै आघात वा मर्का पर्ने व्यवहार हुन दिनेछैन।

८४. संघ, प्रदेश र स्थानीय तहमा खेल पूर्वाधार तयार गरिनेछ। तीन वर्षभित्र अन्तर्राष्ट्रियस्तरको एक खेलकुद परिसर निर्माण गरिनेछ। प्रदेशस्तरमा आधुनिक सुविधासम्पन्न रङ्गशाला र स्थानीय तहमा खेलग्राम निर्माण गरिनेछ। नेपाली खेलाडीको

क्षमता र खेलको स्तरवृद्धि गर्न आवश्यक भौतिक पूर्वाधार र सुविधाको व्यवस्था गरिनेछ।

८५. सबै प्रकारको आमसञ्चारका माध्यममा नेपालीको पहुँच पुऱ्याइनेछ। आमसञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यावसायिक र प्रतिस्पर्धी बनाइनेछ। नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक प्रसारण संस्थाको रूपमा एकै व्यवस्थापनमा सञ्चालन गरिनेछ। पत्रकार दुर्घटना बीमा र पत्रकार वृत्ति कोषलाई पत्रकारहरूको दिगो हितमा परिचालन गरिनेछ।

८६. हुलाक सेवाबाट प्रदान गरिने सेवाहरूलाई प्रतिस्पर्धी, व्यावसायिक र विश्वसनीय बनाइनेछ। देशभित्रै सुरक्षित छापाखाना स्थापना गरी राहदानी, अन्तःशुल्क स्टीकर, हुलाक टिकट, जग्गाधनी प्रमाणपूर्जा र सार्वजनिक महत्त्वका कागजातहरूको सुरक्षण मुद्रण गरिनेछ।

**प्रतिनिधि सभाका सभामुख,**

**राष्ट्रिय सभाका अध्यक्ष,**

८७. नेपालको संविधानको कार्यान्वयन हामी सबैको साझा दायित्व हो। राज्यप्रणालीका सबै संयन्त्र, स्रोतसाधन र सामर्थ्य संविधान कार्यान्वयनतर्फ परिलक्षित हुनेछन्। न्यायप्रणाली स्वतन्त्र, सक्षम र पारदर्शी हुनेछ। छिटोछरितो र निष्पक्ष न्यायमा जनताको पहुँच सुनिश्चित गर्न न्यायालयहरूको क्षमता वृद्धि गरिनेछ। नेपाल न्याय सेवामा समयानुकूल सुधार गरिनेछ। नागरिकहरूबीचको देवानी सम्बन्धलाई व्यवस्थित र नियमन गर्न एवं मुलुकको फौज्दारी न्याय प्रशासन र न्यायसम्पादनलाई समयानुकूल बनाउन तर्जुमा गरिएका कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संरचना, स्रोत तथा साधनको व्यवस्था मिलाइनेछ।

८८. संविधानप्रदत्त जिम्मेवारी पूरा गर्न संवैधानिक निकायहरूलाई सक्षम बनाइनेछ। नेपाल सरकारका तर्फबाट गरिने कानुनी प्रतिरक्षालाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको

कार्यालयको क्षमता वृद्धि गरिनेछ। अपराध अनुसन्धान र अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाइनेछ।

८९. शान्ति प्रक्रियाका अधिकांश कार्यहरू सम्पन्न भएका छन्। बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगलाई स्रोतसाधनसम्पन्न बनाई संक्रमणकालीन न्याय अन्तर्गतका बाँकी कार्यहरू समयमै पूरा गरिनेछन्।

९०. निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र सम्पूर्ण सरकारी संयन्त्रमा समयानुकूल सुधार गरी प्रभावकारी बनाइनेछ।

९१. सार्वजनिक प्रशासनको कार्यसंस्कृतिमा आमूल परिवर्तन गरी सुशासन कायम गरिनेछ। सार्वजनिक सेवा तथा सुविधा सहज, सरल र सुलभ ढङ्गबाट उपलब्ध गराइनेछ। जवाफदेहिताविहीन स्थितिको अन्त्य गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत सुधार गरिनेछ। राज्यका तर्फबाट

उपलब्ध गराउनुपर्ने सेवा, सुविधा, प्रविधि, सीप र ज्ञान जनताको घर आँगनमा पुग्ने व्यवस्था मिलाइनेछ।

९२. सरकारले सबै प्रकारको सेवाको गुणस्तर कायम गर्न मानक तयार गर्नेछ। विद्यालय तथा विश्वविद्यालय, अस्पताल तथा स्वास्थ्य केन्द्र, सार्वजनिक यातायात, सडक, विमानस्थल, पार्क, सार्वजनिक तथा निजी क्षेत्रबाट प्रदान गरिने सेवामा "नेपाल गुणस्तर" लागु गरिनेछ। गुणस्तर निरीक्षणको प्रभावकारी व्यवस्था मिलाइनेछ। नेपाल गुणस्तर प्रदान गर्ने र अनुगमन तथा नियमन गर्ने संयन्त्रलाई पुनर्संरचना गरी सबल बनाइनेछ।

९३. सरकारले कुनै पनि तहमा हुने कुनै पनि स्वरूपको भ्रष्टाचारलाई सहँदैन। भ्रष्टाचार गर्ने र गराउने दुवैलाई दण्डित गरिनेछ। जुनसुकै क्षेत्रमा हुने भ्रष्टाचारजन्य क्रियाकलापलाई समेत कानुनी दायरामा ल्याउने गरी विद्यमान कानुनमा आवश्यक परिमार्जन गरिनेछ। गलत कार्य रोक्ने, सूचना दिने र साक्षी संरक्षण गर्ने कानुन तर्जुमा गरिनेछ।

९४. योजना बन्ने तर समयमै सम्पन्न नहुने प्रवृत्तिको अन्त्य गरिनेछ। योजना कार्यान्वयनका लागि वार्षिक कार्ययोजना बनाई नतिजा प्राप्तिलाई सुनिश्चित गरिनेछ। नीति तर्जुमादेखि कार्यान्वयनसम्मका सबै चरणलाई पारदर्शी, जवाफदेही र पूर्वानुमानयोग्य बनाइनेछ। प्रत्येक मन्त्रालयमा समस्या समाधान कक्ष स्थापना गरी नतिजाको अनुगमन गरिनेछ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अनुगमनको पनि अनुगमन गरिनेछ।

९५. राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीतिगत, कानुनी र संस्थागत व्यवस्था मिलाइनेछ। मुलुकमा शान्तिसुरक्षाको विश्वसनीय वातावरण निर्माण गरिनेछ। नागरिकको जनधन, मौलिक स्वतन्त्रता र व्यवसायको सुरक्षाको प्रभावकारी प्रबन्ध मिलाइनेछ। कुनै पनि नागरिकले देशभित्र जुनसुकै स्थानमा जुनसुकै समयमा भयरहित वातावरणमा काम गर्नसक्ने गरी जनतामा सुरक्षाको अनुभूति गराइनेछ।

९६. विपद् व्यवस्थापनको पूर्व तयारी गरिनेछ। हिमपात, शीतलहर, बाढीपहिरो, डुबान तथा आगलागीका समयमा

न्यूनतम सेवाको अभावमा अकालमा ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गरिनेछ।

९७. पुनर्निर्माणका प्रक्रियाहरूलाई सरल बनाई भूकम्पबाट क्षतिग्रस्त संरचना, सम्पदा तथा पूर्वाधारहरूको पुनर्निर्माणमा तीब्रता दिइनेछ। एक वर्षभित्र निजी आवासको पुनर्निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ। तीन वर्षभित्र धरहरा, काष्ठमण्डप र रानीपोखरीको पुनर्निर्माण सम्पन्न गरिनेछ।

९८. नेपालको वैदेशिक नीति पारस्परिक लाभ र सम्मान, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दायित्व एवं राष्ट्रिय हित र न्यायमा आधारित हुनेछ। नेपाली नियोगहरूलाई राष्ट्रिय हित, पर्यटन विकास, निर्यात र लगानी प्रवर्द्धनका लागि क्रियाशील बनाइनेछ। नियोगहरूको आवश्यकता, औचित्य र प्रभावकारिताको पुनरावलोकन गरिनेछ।

९९. संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय संघसंस्थाहरूमा नेपालको उपस्थितिलाई थप प्रभावकारी बनाइनेछ। संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को सदस्यको हैसियतमा

नेपालले प्रभावकारी, निष्पक्ष र रचनात्मक भूमिका निर्वाह गरी मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा योगदान पुऱ्याउनेछ।

१००. प्रदेश र स्थानीय तहको क्षमता विकास, पूर्वाधार निर्माण र प्रशासनिक सहजीकरणको व्यवस्था मिलाइनेछ। संघीय वित्त तथा मौद्रिक नीति तर्जुमा गर्दा प्रदेश र स्थानीय तहका विकास आवश्यकतासमेतलाई सम्बोधन गरिनेछ। वृहत् राष्ट्रिय नीति तथा लक्ष्यहरूलाई प्रदेश र स्थानीय तहले नीति र कार्यक्रममा आन्तरिकीकरण गर्नेछन्।

**प्रतिनिधि सभाका सभामुख,**

**राष्ट्रिय सभाका अध्यक्ष,**

१०१. यी नीति तथा कार्यक्रम प्रस्ताव गर्दा उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने, सन्तुलित र सुदृढ अर्थतन्त्र निर्माण गर्ने, स्वस्थ र सक्षम जनशक्ति विकास गर्ने, रोजगारी सिर्जना गर्ने, विकासलाई समावेशी र सामाजिक न्यायमा आधारित बनाउने, सुशासन कायम गर्ने, नतिजा हासिल गर्ने र **समृद्ध**

**नेपाल, सुखी नेपाली**को दीर्घकालीन उद्देश्य प्राप्त गर्ने अठोटलाई केन्द्रमा राखिएको छ।

१०२. यी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट समृद्धिको गन्तव्यमा पुग्न राष्ट्रिय क्षमताको विकास हुनेछ। लोकतान्त्रिक शासन पद्धति, सामाजिक न्याय र समन्यायिक आर्थिक विकासबाट शान्ति, विकास र अग्रगमनलाई एक अर्काका परिपूरकका रूपमा अघि बढाउन मदत पुग्नेछ। सामाजिक विभेदको अन्त्य, नागरिक सबलीकरण, ज्ञान र सीप तथा नवप्रवर्तनमा आधारित उत्पादन प्रणाली, योग्यताका आधारमा कामको अवसरको प्रत्याभूति र प्रविधि विकासमार्फत् श्रमको उत्पादकत्व वृद्धिको अवस्थाले समाजवादको मार्ग प्रशस्त गर्नेछन् भन्ने मेरो विश्वास छ।

१०३. अन्त्यमा, राजनीतिक सङ्क्रमण समाप्त गरी नेपालको संविधान कार्यान्वयनका माध्यमबाट मुलुकलाई समृद्धिको यात्रातर्फ अग्रसर गराउन योगदान पुऱ्याउने राजनीतिक दलहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। मुलुकको समग्र आर्थिक-सामाजिक विकासमा आ-आफ्नो क्षेत्रबाट भूमिका

निर्वाह गर्ने राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, सञ्चार जगत् तथा सम्पूर्ण देशवासीहरूलाई धन्यवाद दिन्छु। साथै नेपालको विकास प्रयासमा सहयोग पुऱ्याउने मित्रराष्ट्रहरू, अन्तर्राष्ट्रिय संघसंस्था तथा हाम्रा विकास साझेदारहरूलाई धन्यवाद दिन्छु।

धन्यवाद !